दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३६ | अंक ३४१ | बुटवल | २०८१ पौष ०३, गते बुधबार | नेपाल संवत ११४५ | Wednesday Dec. 18, 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



**चिसोबाट बचौं**

-जाडोबाट बच्न बाक्लो तथा न्यानो कपडा लगाऔं ।
-तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
-घर तथा कोठा न्यानो बनाऔं ।
-बालबालिका तथा वृद्धवृद्धालाई तेल मालिस गरिदिऔं ।
-बढी चिसोमा मर्निङ्ग वाक नगरौं ।
-दैनिक घाम ताप्ने गरौं ।

नेपाल सरकार विज्ञापन बोर्ड


# राजस्व चुहावट र तस्करी व्यापक छ, तुरुन्त रोक्नुस् : गृहमन्त्री

**मोहम्मद हबिब**

*भैरहवा*




गृहमन्त्री रमेश लेखकले लुम्बिनी प्रदेशमा राजश्वको व्यापक चुहावट र तस्करी भइरहेको बताउँदै कुनै पनि हालतमा सिमानामा हुने तस्करी तुरुन्त नियन्त्रण गर्न निर्देशन दिएका छन् ।

गृह मन्त्रालय र लुम्बिनी प्रदेश सरकार आन्तरिक मामिला तथा कानुन मन्त्रालयद्धारा संयुक्त रुपमा आयोजित प्रदेशस्तरीय सुरक्षा गोष्ठीलाई सोमबार रुपन्देहीको भैरहवामा सम्बोधन गर्दै गृहमन्त्री लेखकले कार्य क्षेत्रमा फर्केपछि सिमा क्षेत्रमा तस्करी भएको, राजस्व चुहावट भएको, उठ्नु पर्ने राजस्व नउठेको भन्ने कुरा सुन्न नपरोस् भन्दै लुम्बिनी प्रदेशका सबै जिल्लाका सुरक्षा निकायलाई निर्देशन दिए । उनले मुल्याङ्कन त्यसैको आधारमा हुने बताउँदै सिमापार अपराध कुनै पनि हालतमा नियन्त्रण हुनुपर्ने बताए ।

'तस्करीको नियन्त्रण, सिमामा हुने अपराधको नियन्त्रण, लागुऔषध, आत्महत्याको घटना, सवारी दुर्घटना, साइबार क्राइम लगायतको बढ्दो अपराधलाई पूर्ण रुपले नियन्त्रण गर्नु पर्छ ।'- मन्त्री लेखकले भने । पछिल्लो समय साईबर क्राईम बढेको बताउँदै उनले परिणाममुखी ढंगले काम गर्न निर्देशन दिए ।

गृहमन्त्री लेखकले संविधानको सुरक्षा र लोकतन्त्रको सुदृढीकरणका लागि शान्ति सुरक्षा मजबुत हुनुपर्ने बताउँदै लोकतन्त्रको पूर्व सर्त शान्ति सुरक्षा रहेको बताए । 'शान्ति सुरक्षा भए उद्योग धन्दा, कल कारखाना र व्यवसाय चल्छ जसले आर्थिक विकास हुन्छ । शान्ति सुरक्षा नागरिक पाउनु पर्ने पहिलो आधारभूत अधिकार र संविधानको रक्षाको शर्त पनि हो । हामीले प्राप्त गर्ने साध्यका लागि आधारभूत आवश्यकता शान्ति सुरक्षा, विधिको शासन, अपराधको नियन्त्रण, भ्रष्टाचार उन्मुक्त समाज निर्माण गर्ने, सुशासन स्थापित गरेर आर्थिक विकास र समृद्धि गर्ने हो ।'

गृहमन्त्री लेखकले अहिलेको गठबन्धन सरकार मुलुकमा दिगो शान्ति र सुशासन कायम गर्न बनेको दाबी गर्दै गठबन्धन २०८४ को चुनावसम्म कायम रहने बताए । २०८४ को चुनावसम्म यही गठबन्धन रहन्छ कुनै तल-माथि हुन्न ।'- गृहमन्त्री लेखकले भने । अहिलेको संविधानले नागरिकलाई अधिकारसम्पन्न बनाएकाले संविधानको रक्षा महत्वपूर्ण भएको उनको भनाइ छ ।

लोकतन्त्रमा मर्यादा र कानुनको सीमाभित्र रहेर आलोचना गर्न पाइन्छ । लोकतन्त्र भनेको अनुशासनको पद्दति हो, अराजकताको शासन होइन । समाजलाई दुषित पार्ने गतिविधि भइरहेको छ, त्यसमा कुनै सम्झौता हुँदैन भन्दै उनले विधि र कानुनको शासन लोकतन्त्र भएको बताए ।

'संविधानको सुरक्षा, शासकीय स्वरुपको सुदृढिकरण र नागरिकको हक अधिकारको कार्यान्वयनको सुनिश्चितता गर्ने काम हामीले गर्नुपर्छ । हकमाथि अवरोध गर्यो भने वा सम्मानपूर्वक बाँच्न पाउने स्थिति कुनै नागरिकको भएन भने हामीले हटाई सम्मानपूर्वक बाँच्न पाउने हक दिनुपर्छ । हामीले पूर्ण प्रेस स्वतन्त्रतामा कुनै खालको अवरोध, अवाञ्चित दबाब र खण्डित गर्ने प्रयत्न भए हटाई नागरिकको सूचना प्राप्त गर्ने हकमा निर्वाध रुपमा प्रेस स्वतन्त्रता कायम गर्नुपर्छ ।' -गृहमन्त्री लेखकले भने ।

२००४ बाट नेपालमा संवैधानिक यात्राको सुरुवात भएको र २०७२ सम्म पुग्दा ७ वटा संविधान बनेको भन्दै गृहमन्त्रीले धेरै पूर्वाधार बनाउने कुरा असल भए पनि धेरै संविधान बनाउने कुरा बेठिक भएको जनाए । धेरै संविधान बन्नु भनेको ज्यादा राजनितिक अस्थिरताबाट गुज्रेको भन्ने उदाहरण हुने बताउँदै यो संविधानलाई असफल हुन नदिन यसको रक्षा गर्नुपर्ने उनले बताए । 'शान्ति सुरक्षा कायम हुन सकेन भने मुलुकमा विधिको शासन स्थापित हुन नक्ने वा नागरिकले आफ्नो हक अधिकार निर्वाध रुपले उपयोग गर्न सकेन भने लोकतन्त्रको अर्थ छैन । यो सविधानको कार्यान्वयन, सुरक्षा, र व्यवस्थाको सुदृढीकरण पनि यही जोडिन्छ ।'-उनले भने ।

लेखकले लुम्बिनी प्रदेश भौगोलिक रुपले, साँस्कृतिक रुपले, भाषिक सम्पन्न विविधायुक्त नेपाल भनेर देशलाई चिनाउने मध्येको प्रदेशको रुपमा रहेको बताए । 'गौतमबुद्धको जन्मस्थल भएको प्रदेश रहेकोले पनि यो प्रदेशको विशेष महत्व छ । हाम्रो साँस्कृतिक, धार्मिक मात्र होइन विश्व शान्तिको ज्योति प्रवाह गर्ने ठाउँमा बसेर हामीले यो छलफल गरेकोले यसको विशेष महत्व छ । यो ठाउँ संसार भरिका धार्मिक पर्यटक आउने ठाउँ हो, बुद्ध धर्मको केन्द्र र जन्मस्थलको कारणले पनि यसको महत्व छ । भाषिक रुपमा विविधता छ, जातीय रुपमा, भौगोलिक रुपले विविधता यो सबै विविधता हाम्रो सम्पत्ति हो । संरक्षण र सम्बर्द्धन गर्ने हाम्रो दायित्व हो र यो गोष्ठी परिणममुखी हुनुपर्छ ।'-उनले भने ।

शान्ति सुरक्षाको विषय राम्ररी केलाएर विश्लेषण गरी प्रत्येक जिल्लाको शान्ति सुरक्षाको अवस्था, अपराधको अवस्था, सुरक्षामा देखापरेका चुनौती र त्यसलाई सम्बोधन गरी मुलुक र प्रदेशमा शान्ति सुरक्षाको स्थितिलाई पूर्णरुपले सुनिश्चित गर्ने गरी परिणममुखी हुनुपर्ने उनले बताए ।

गोष्ठीमा गृह मन्त्रालयका अधिकारीसहित लुम्बिनी प्रदेशका १२ वटै जिल्लाका सुरक्षा अधिकारीको सहभागिता रहेको थियो । गोष्ठी अघि मन्त्रालयले सात वटै प्रदेशका आन्तरिक मामिला मन्त्रीहरुसँग छलफल गरेर राय सुझाव लिएको थियो । गोष्ठीमा सीमा सुरक्षा, सीमा अपराध, राजस्व चुहावट, प्रदेशको सुरक्षा चुनौतीलगायतका विषयमा छलफल गरिएको गृह मन्त्रालयले जनाएको छ ।

**प्रदेशलाई केन्द्रले अधिकार दिएन : मुख्यमन्त्री**

लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले संविधानको एकल र साझा सूचीका अधिकार कार्यान्वयन गर्न संघीय सरकारले सघाउनुपर्ने बताएका छन् ।

संघीय सरकारका गृहमन्त्री रमेश लेखक र लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यको विशेष उपस्थितिमा भएको सुरक्षा गोष्ठीमा बोल्दै मुख्यमन्त्री आचार्यले प्रदेशमा प्रहरी समायोजन नहुँदा शान्ति सुरक्षा कायम गर्नेदेखि प्रहरीलाई साधनस्रोत सम्पन्न बनाउन समेत प्रदेश सरकारलाई रोकेको बताए ।

उनले तत्काल प्रदेशमा प्रहरी समायोजनदेखि प्रदेश अनुसन्धान व्यूरो स्थापना गर्ने विषयमा संघीय सरकारको ध्यानाकर्षण गराउँदै प्रहरी समायोजन नहुँदा प्रदेश सरकारले प्रहरी कार्यालयको भवन निर्माण गर्न हालेका बजेट समेत कार्यान्वयन हुन नसक्ने अवस्था रहेको बताए ।

गत वर्षको बजेट संघीय सरकारले अनुमती नदिँदा प्रहरी कार्यालय बनाउन हालिएका बजेट फ्रिज भयो । यस वर्ष पनि प्रदेश सरकारले प्रहरी कार्यालय भवन निर्माण गर्न बजेट विनियोजन गरेको छ ।

» बाँकी ३ पेजमा

## रवि थप चार दिन हिरासतमा



बुटवल । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेलाई थप चार दिन हिरासतमा राख्न अदालतले अनुमति दिएको छ । सूर्यदर्शन सहकारी ठगी प्रकरणमा मंगलबार कास्की अदालतले चार दिन थप हिरासतमै राखेर अनुसन्धान गर्न अनुमति दिएको कास्की जिल्ला अदालतका श्रेस्तेदार राजन खनालले जानकारी दिए । प्रहरीले मंगलबार चार दिन हिरासतमै राख्न अनुमति मागेको थियो । प्रहरीले गोर्खा मिडियाकै पूर्व प्रबन्ध निर्देशकसमेत रहेका लामिछानेसहित गोर्खा मिडियाका पूर्वउपाध्यक्ष छविलाल जोशी, नेचर हर्बसका सञ्चालक रामबहादुर खनाल, जीबी राईका सहयोगी लिला पछाईंलाई म्याद थपका लागि अदालतमा उपस्थित गराएको थियो ।

सोमबार नै अनुसन्धान प्रतिवेदन जिल्ला सरकारी वकिलको कार्यालयमा प्रहरीले बुझाइसकेको छ । पोखराको सूर्यदर्शन सहकारी ठगी प्रकरणमा अनुसन्धान थालेको ८४ दिनपछि सोमबार प्रहरीले सरकारी वकिलको कार्यालयमा प्रतिवेदन बुझाएको थियो ।

सो प्रतिवेदनमा लामिछानेसहित ५१ जनालाई प्रतिवादी बनाइएको छ । तीमध्ये ३७ जना फरार प्रतिवादी छन् । उनीहरूविरुद्ध १ अर्ब ५१ करोड बिगो मागदाबी गर्नुपर्ने प्रहरीको राय छ ।

## दुर्गा प्रसाईंलाई रिहा गर्न माग



बुटवल । मेडिकल व्यवसायी दुर्गा प्रसाईंलाई गैरकानुनी रुपमा थुनामा राखेको दाबीसहित सर्वोच्च अदालतमा अर्को बन्दी प्रत्यक्षीकरणको निवेदन दर्ता भएको छ । दुर्गा प्रसाईंका छोरा निराजन प्रसाईंले आफ्ना बाबुलाई गैरकानुनी थुनामा राखिएको दाबी गर्दै सर्वोच्च अदालतमा बन्दी प्रत्यक्षीकरणको निवेदन दर्ता गराएका हुन् । यसअघि पनि यसैगरी दर्ता भएको बन्दी प्रत्यक्षीकरणको निवेदनमा सर्वोच्च अदालतले प्रसाईंलाई कानुनसम्मत रुपमा थुनामा राखेको ठहर गर्दै निवेदन खारेज गरेको थियो ।

प्रहरी हिरासतमा रहेका प्रसाईंमाथि आपराधिक विश्वासघातको आरोपमा अनुसन्धान भइरहेको छ । उनका छोरा निराजनले आपराधिक विश्वासघातको अनुसन्धानका क्रममा समेत आफ्ना बाबुलाई गैरकानुनी थुनामा राखिएको जिकिर गरेका हुन् ।

## एकीकृत समाजवादीमा जिम्मेवारी बाँडफाँट

बुटवल । नेकपा एकीकृत समाजवादीले २४ सदस्यीय केन्द्रीय सचिवालय गठन गरेको छ । पार्टीको पछिल्लो पटक बसेको स्थायी समिति बैठकले २४ सदस्यीय सचिवालय गठन गरेको हो ।

जसमा अध्यक्ष माधवकुमार नेपाल नेतृत्वमा २४ सदस्यीय केन्द्रीय सचिवालय गठन भएको प्रवक्ता जगन्नाथ खतिवडाले जानकारी दिए । अध्यक्ष माधवकुमार नेपाल नेतृत्वमा २४ सदस्यीय केन्द्रीय सचिवालय गठन भएको प्रवक्ता जगन्नाथ खतिवडाले जानकारी दिए । उनका अनुसार, सचिवालयमा केन्द्रीय अध्यक्ष, सम्मानित नेता, वरिष्ठ नेताहरू, उपाध्यक्ष, महासचिव, उपमहासचिव र सचिवसहित गरेर २४ जना हुनेछन् । एकीकृत समाजवादीले पहिलोपटक सचिवालय गठन गरेको हो । यसअघि पदाधिकारीको टिममा उप-महासचिवसम्मका नेताहरू सहभागी थिए । अब सचिवहरूसहित २४ सदस्यीय समिति सचिवालय बनाइएको हो ।

जसमा अध्यक्ष माधवकुमार नेपाल, सम्मानित नेता झलनाथ खनाल, वरिष्ठ नेता डा. बेदुराम भुसाल र प्रमेशकुमार हमाल, वरिष्ठ नेताहरू घनेन्द्र बस्नेत, राजेन्द्रप्रसाद पाण्डे, धर्मनाथप्रसाद साह, उपाध्यक्षहरू जयन्तीदेवी राई, प्रकाश ज्वाला, डा. गंगालाल तुलाधर, जगन्नाथ खतिवडा, भानुभक्त जोशी, महासचिव घनश्याम भुसाल, उपमहासचिव राजेन्द्रकुमार राई, गरिमा शाह, मेटमणि चौधरी, रामकुमार भट्टराई, सचिवहरू सावित्राकुमारी भुसाल, चन्द्रबहादुर शाही, सोमप्रसाद पाण्डेय, बलदेव चौधरी, श्रीनाथ बराल, गणेशबहादुर विश्वकर्मा र शेरबहादुर कुँवर रहेका छन् ।

## शिक्षाको गुणस्तर सुधार्न कालिकाबाट सिकौं : गिरी




बुटवल । कालिका मानवज्ञान माविको ६४औं वार्षिकोत्सव तथा अभिभावक दिवस र चौथो कालिका कप सुरु भएको छ । मंगलबार कालिका नगर सेक्टर १ मा विशेष आयोजना गरी कार्यक्रम शुभारम्भ गरिएको हो ।

कार्यक्रम शुभारम्भ कार्यक्रममा बोल्दै लुम्बिनी प्रदेशका पूर्व मुख्यमन्त्री तथा प्रदेशसभा सदस्य लिला गिरीले शिक्षाको गुणस्तर सुधार्न कालिका मानवज्ञान माविबाट सिक्नुपर्ने बताएका छन् ।

उनले कालिकाले यो क्षेत्रको मात्रै नभएर मुलुककै उत्कृष्ठ विद्यालयको रुपमा प्रमाणित गरेको बताए । उनले भने-'हाम्रो मुलकको सबै सामुदायिक विद्यालयमा यसैगरी अनुशासनीत र उत्कृष्ठ नतिजा दिन सकिन्छ भन्ने उदाहरण कालिका मानवज्ञान माविले पेश गरेको छ, कालिकाबाट अरुले सिक्नुपर्छ । '

उनले स्थानीय सरकार, प्रदेश र संघीय सरकारले कालिकाको जस्तै शैक्षिक वातावरण सबै सामुदायिक विद्यललयमा स्थापना गर्न सक्नुपर्ने बताउँदै यसमा कमजोरी रहेको र आगामी दिनमा सुधार गर्न जरुरी रहेको समेत बताए ।

शिक्षक, विद्यालय व्यवस्थापन समिति सबैको मिहिनेतबाट शैक्षिक क्षेत्र सुधारमा सबैजना लाग्नुपर्ने उनले बताएका थिए ।

निजी स्तरका विद्यालयहरुलाई समेत जित्न सक्ने गरी शैक्षिक वातावरण तयार गर्न सबैजना लागेमा सफल हुने समेत उनले औंल्याए । उनले भने-'हामीले आ-आफ्नो स्थानबाट सबैले योगदान दिन जरुरीरहेको छ, सबैले आ-आफ्नो भूमिका निर्वाह गर्ने हो भने शैक्षिक सुधार गर्न सकिन्छ, यसमा हातेमालो गर्न जरुरी रहेको छ । '


» बाँकी ३ पेजमा


**समुद्घाटन समारोहमा उपस्थित हुने सम्बन्धमा अत्यन्त जरुरी सूचना ।**

बुटवल उद्योग वाणिज्य संघ, रुपन्देहीको आयोजना, बुटवल उपमहानगरपालिका र नेपाल उद्योग वाणिज्य महासंघको संरक्षकत्वमा संचालन हुने "औद्योगिक व्यापार मेला बुटवल-२०८१" (Industrial Trade Fair Butwal -2024) को समुद्घाटन समारोहका लागि रुपन्देहीका सरकारी कार्यालय प्रमुख, सुरक्षा निकायका प्रमुख, व्यवसायिक तथा पेशागत संघ सस्थाका प्रमुख, राजनैतिकदलका जिल्ला, नगर तथा प्रमुख, बुटवल उद्योग वाणिज्य संघका सम्पूर्ण सदस्य प्रतिष्ठानका प्रोपाइटर तथा प्रतिनिधीहरुलाई निमन्त्रणा कार्ड वा एस.एम. एस.द्धारा निमन्त्रणा पठाइ सकिएको छ, कहिकतै प्राप्त नभएको भए यसै सूचनालाई आधारमानी निम्न मिति, समय र स्थानमा उपस्थितीका लागि अनुरोध गर्दछौं ।

**पुनश्चः बुटवल उद्योग वाणिज्य संघका सदस्यज्यूहरुलाई संघको परिचयपत्रका आधारमा मेला अवधी भर निःशुल्क प्रदेशको व्यवस्था मिलाइएको समेत अनुरोध गर्दछौं ।**

मिति : २०८१।०९।०३ गते, बुधबार
समय : बिहान ११:०० बजे
स्थान : बुटवल मण्डप



मेला सचिवालय

**औद्योगिक व्यापार मेला बुटवल-२०८१**
**(Industrial Trade Fair Butwal -2024)**

# सम्पादकीय

## सरकार व्यवसायीमैत्री बन्नुपर्छ

बुटवल उप-महानगरपालिकाले व्यवसायीले राखेको साइनबोर्डको समेत कर लिनु निन्दनीय छ । एउटा व्यवसायीले कति ठाउँ कर तिर्छ ? त्यो हेक्का नगरी साइनबोर्डको समेत कर लिनु गलत छ ।

व्यवसायीले व्यवसायिक फर्म दर्ता र नविकरण कर तिर्छन् । व्यवसायीले कारोबार र नाफामा पनि कर तिर्छन् । घरबहाल कर समेत व्यवसायी नै तिर्न बाध्य छन् । विभिन्न सरकारी निकायमा तिर्ने करको चाङले थिलोथिलो भएका व्यवसायीलाई साइनबोर्ड राख्दा उपमहानगरपालिकाले असहज व्यवहार गर्नु गलत हो । बुटवल उप-महानगरपालिकाले ३० वर्गफुटभन्दा बढीको साइनबोर्ड भए कर लिने कानुनी प्रबन्ध गरेको छ । व्यवसायीले एउटा साइनबोर्ड राख्न समेत उप-महानगरपालिका असहज बनेको गुनासो गरेका छन् ।

साइनबोर्ड मनपरी राखेको छ, एउटाभन्दा बढी राखेको छ भने कर लिनु स्वाभाविक होला, एउटा साइनबोर्डको साइज निर्धारण गरेर कर लिनु स्वाभाविक होइन् । शहर गुल्जार हुनका लागि व्यवसायी, मजदुर टिक्ने वातावरण हुनुपर्छ । ठूला व्यवसायी, साना व्यवसायी, सटरमा व्यापार गर्नेदेखि ठेला र फुटपाथमा व्यापार गर्ने सबै टिक्न सक्दा नै शहर गुल्जार हुन्छ । व्यवसायीलाई अनावश्यक कर थोपर्ने र फुटपाथमा व्यापार गर्नेलाई दुर्व्यवहार गर्ने क्रियाकलापले शहर निर्जन हुन्छ ।

व्यवसायी मैत्री वातावरण जहाँ हुन्छ, व्यवसायी त्यही जान्छन् । बुटवलमा चर्को सटरभाडाले धमाधम व्यवसायी बुटवलको मुख्य बजार क्षेत्रबाट बाहिर निस्कदैछन् । तिलोत्तमा र सैनामैनातिर व्यवसायी आकर्षित भइरहेका छन् । मासु व्यवसायीमाथि भएको दुर्व्यवहार र ज्यादतीले अहिले मासु व्यवसायीले विकल्प खोज्न थालेका छन् ।

स्थानीय सरकार नागरिकको घरदैलोको सरकार हो । स्थानीय सरकार सेवा प्रवाहको केन्द्र हो । स्थानीय सरकारले नागरिकलाई सहमत गराएर कर लिनुपर्छ । नागरिकको सहमति विना कर थोपर्ने प्रवृत्तिले नागरिक प्रतिरोध हुन्छ । त्यस्तो प्रतिरोध बढ्दै गए सरकारले काम गर्न सक्तैन् । बजेट कार्यान्वयन गर्न सक्तैन् । योजना निर्माण र कार्यान्वयनमा बाधा उत्पन्न हुन्छ । योजना निर्माण र कार्यान्वयन तथा बजेट कार्यान्वयनमा बाधा उत्पन्न हुने गरी कुनै पनि गतिविधि गर्दा सरकारले विकासको लक्ष्य हासिल गर्न सक्तैन् ।

बुटवल उप-महानगरपालिकाले कम्तिमा साइनबोर्डको कर असुली तत्काल रोकेर व्यवसायीसँग छलफल गर्नुपर्छ । व्यवसायीसँगको छलफलपछि निस्कने निष्कर्षलाई कार्यान्वयन गर्दा सहज वातावरण बन्छ । व्यवसायी मैत्री वातावरणले नै बुटवल उप-महानगरपालिकाले आशा जगाउनसक्छ ।

# नर्सिङ पेसाकर्मीका ज्वलन्त सवाल



प्रेमलकुमार खनाल

दुर्गम क्षेत्रमा सेवा पुऱ्याउन नर्सलाई विशेष सुविधा उपलब्ध गराएर उत्प्रेरित गर्ने, नर्सिङ पेसाबाट उच्च तहको अध्ययन गर्न पाउने र नर्सले उच्च तहसम्म पदोन्नति पाउने व्यवस्थासमेत गरिनुपर्छ । सेवा स्थायित्वका लागि सरकारी तथा निजी क्षेत्रमा नर्सको पर्याप्त संख्या हुने गरी दरबन्दी निर्धारण गरेर स्थायी नियुक्तिको व्यवस्था गरिनुपर्छ । सरकारले नर्सिङ पेसाको अवस्थाबारे अध्ययन-अनुसन्धान गरी प्रतिवेदन सार्वजनिक गर्ने र नर्सिङ पेसाको अवस्थाबारे प्रभावकारी अनुगमन गर्नुपर्छ । यसका साथै, आफ्ना समस्या समाधानका लागि दबाब दिन संगठित हुन पनि आवश्यक छ ।

स्वास्थ्य सेवामा नर्सहरूको भूमिका महत्वपूर्ण छ । सेवाको सुरक्षा, समयसापेक्ष तालिम, औषधि उपकरणको व्यवस्था, वृत्ति विकासको सुनिश्चितता, समृद्ध जीवनयापन गर्न पाउने अवस्था र सेवानिवृत्तिपछि भविष्य सुनिश्चित हुने गरी सामाजिक सुरक्षाको सुनिश्चितता हुन सक्दा मात्रै नर्सिङ पेसा आकर्षक बन्न सक्छ । तर, आज नर्सिङ पेसामा श्रमको शोषण भइरहेको छ । सेवामा असुरक्षा, वृत्ति विकासको संकुचित नीति, तालिम, उपकरणको अभाव, न्यून तलब सुविधा, सामाजिक सुरक्षाको अभावजस्ता समस्याले नर्सिङ पेसामा संलग्न पेसाकर्मी आक्रान्त छन् ।

गुणस्तरीय स्वास्थ्य सेवाबाट मात्र जनताको जीवनलाई सुखी, समृद्ध र निरोगी बनाउन सकिन्छ । राज्यबाट सहज र सरल ढंगले स्वास्थ्य सेवा प्राप्त गर्नु जनताको अधिकार हो । नेपालको संविधानले स्वास्थ्य सेवालाई मौलिक हकका रूपमा सुनिश्चित गरेकाले सर्वसुलभ, गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्नु राज्यको दायित्व हो । गुणस्तरीय स्वास्थ्य सेवाका लागि राज्यले अवलम्बन गर्ने स्वास्थ्य नीति, ऐन, कानुन र यस नीतिसँग सम्बन्धित सरकारको आर्थिक नीतिको पनि महत्वपूर्ण भूमिका हुन्छ ।

गुणस्तरीय स्वास्थ्य सेवाका लागि यस क्षेत्रमा संलग्न डाक्टर, नर्सलगायत स्वास्थ्यकर्मीको भूमिका अझ महत्वपूर्ण हुन्छ । उच्च मनोबलयुक्त, दक्ष एवं पेसाप्रति प्रतिबद्ध स्वास्थ्यकर्मीले मात्र जनतालाई गुणस्तरीय सेवा प्रदान गर्न सक्छन् । अझ अहिले व्यवस्थापन क्षेत्रमा पूर्ण गुणस्तरीय व्यवस्थापनको नवीन अवधारणा विकास भएको छ । पूर्ण गुणस्तरीय व्यवस्थापनमा एकपटक सेवाग्राहीले सेवा प्रदान गरेपछि उसले चीरकालसम्म प्राप्त गरेको सेवाको सम्झना गरिरहने र पुनः सेवा चाहिएमा फर्किएर पूर्वसेवा प्रदान गर्ने संस्थामा आइपुग्छ । यही नै गुणस्तरीय सेवाको द्योतक हो । गुणस्तरीय सेवाका लागि दक्ष एवं सक्षम जनशक्तिका साथै सेवा प्रवाहस्थलमा पर्याप्त भौतिक पूर्वाधारको व्यवस्था हुनुपर्छ ।

नेपालमा स्वास्थ्य सेवामा अनेकौँ समस्या विद्यमान छन् । राज्यले स्वास्थ्य सेवाजस्तो सर्वसाधारणको जीवनसँग अभिन्न रूपमा जोडिएको सेवामा निजीकरण र व्यापारीकरण गर्ने खुला र उदार नीति अवलम्बनपछि स्वास्थ्य क्षेत्रमा समस्या उत्पन्न भएको हो । जनताको सर्वसुलभ निःशुल्क स्वास्थ्य सेवा र उपचार पाउने अधिकारमा स्वास्थ्य सेवामा भएको निजीकरण र व्यापारिक नीतिले सरकारी क्षेत्रबाट प्रवाह गरिने सेवा र सुविधा खस्कियो । निजी क्षेत्रमार्फत महँगो र 'आकर्षक' स्वास्थ्य सेवा प्रवाह हुने स्थिति बन्यो । दुईखाले स्वास्थ्य सेवा र उपचारका कारण सबैभन्दा बढी भ्रष्टाचार स्वास्थ्य सेवामा हुने गरेको सुनिन्छ । दुईखाले स्वास्थ्य सेवाबाट पैसा हुनेले मात्र उपचार पाउने र नहुनेले अकालमा मृत्युवरण गर्नुपर्ने स्थिति बन्दै गएको छ । स्वास्थ्य क्षेत्रमा उदारीकरण र निजीकरणका कारण बिरामी मात्रै होइन, यस क्षेत्रमा कार्यरत नर्सका साथै अन्य स्वास्थ्यकर्मी पनि चरम शोषणमा परेका छन् ।

विश्व स्वास्थ्य संगठनले जनरल वार्डमा एक नर्सले चारदेखि ६ बिरामी, सुत्केरी वार्डमा दुई नर्स र एक बेड, आइसियूमा एक नर्स एक बिरामी, पोस्ट-अपरेटिप वार्डमा एक नर्स एक बिरामी, अपरेसन थिएटरमा एक टेबल तीन नर्स हुनुपर्ने मापदण्ड निर्धारण गरेको छ । नेपाल सरकारले पनि विश्व स्वास्थ्य संगठनको यही मापदण्डमा हस्ताक्षर गरेको छ र 'स्वास्थ्य संस्था सञ्चालन तथा स्तरोन्नति मापदण्ड निर्देशिका'मा पनि स्पष्ट रूपमा बिरामीको अवस्थाअनुसार नर्स-बिरामी अनुपात तोकिएको छ, जसमा जनरल वार्डमा पाँचदेखि ६ बिरामीबराबर एक नर्स, हाई डिपेन्डिङ वार्डमा दुई बिरामी बराबर एक नर्स र क्रिटिकल केयरमा एक बिरामीबराबर एक नर्स र डेलिभरी गराउने ठाउँमा एक बिरामी बराबर दुईजना नर्स र अप्रेसन थिएटरमा एक बिरामीबराबर तीनजना नर्स हुनुपर्ने मापदण्ड निधार्रण गरेको छ । तर, व्यवहारमा नेपालमा एकजना नर्सले २५-३० जना बिरामीको सेवा गर्नुपर्ने बाध्यात्मक अवस्था छ ।

नेपालमा अहिलेसम्म एक लाख २२ हजार नर्स नर्सिङ काउन्सिलमा रजिस्टर्ड भएको तथ्यांक छ । तर, स्वास्थ्य क्षेत्रमा निजीकरणको नीतिका कारण सरकारी अस्पतालमै मापदण्डअनुसार नर्सिङ जनशक्ति उपलब्ध छैन । सरकारीस्तरबाट सञ्चालित प्रमुख अस्पतालहरूमा न्यून संख्यामा नर्सको दरबन्दी छ र सरकारी सेवामा केन्द्रदेखि गाउँपालिकास्तरसम्म अहिले प्रायः करारमा काम लगाउने अभ्यास बढ्दो छ । सरकारी अस्पतालमा एक नर्सले दर्जनौँ बिरामीको हेरचाहको जिम्मा लिनुपर्ने अवस्थाबाट नेपालको स्वास्थ्य क्षेत्र गुज्रिरहेको छ । यसले गर्दा नर्समा कामको बोझ अति नै थोपरिएको छ । सरकारी स्तरमा दुई-तीनपटक तलब सुविधा वृद्धि हुँदासमेत वर्षौँदेखि निजी क्षेत्रका अस्पताल, नर्सिङ होम र मेडिकल कलेजमा तलब सुविधा वृद्धि नगर्ने प्रवृत्ति देखिन्छ । सरकारले निजी क्षेत्रमा श्रम निरीक्षण प्रणाली र श्रम अडिटलाई प्रभावकारी रूपमा लागू नगर्दा श्रम शोषण बढेको छ । करार नियुक्ति प्रणालीका कारण पनि श्रम शोषण बढेको छ । करार नियुक्तिका कारण सेवामा स्थायित्व नहुने, पदोन्नति नहुने र सामाजिक सुरक्षाका सुविधाबाट वञ्चित हुनुपर्ने स्थिति छ । सरकारी क्षेत्रमा समेत वर्षौँसम्म काम गर्दा पनि स्थायी नहुने र स्थायी नियुक्ति पाएका नर्सको पर्याप्त संख्यामा दरबन्दी नहुँदा पदोन्नतिलगायत वृत्ति विकासका अवसर नहुने परिस्थिति बनेको छ । सरकारी सेवामा आउटसोर्सिङ, करार र इन्टर्नका रूपमा काममा लगाउने र जुनसुकै बखत नोकरीबाट हटाउने परिपाटीले श्रमशोषण बढ्दै गएको छ ।

यस्तै, नवउदारवादी अर्थनीतिका कारण श्रमिकले पाउने सामाजिक सुरक्षा सुविधाअन्तर्गत पेन्सन सुविधा कटौतीपछि नर्सको भविष्य पनि सुरक्षित हुन सकेको छैन । अहोरात्र बिरामीको सेवामा जुट्नुपर्ने नर्सका लागि थप आर्थिक एवं भौतिक सुविधा पर्याप्त व्यवस्था नहुनु र कार्यस्थलमा हुने हिंसाजन्य गतिविधि नियन्त्रणमा प्रभावकारी कदम नचालिनु विडम्बनापूर्ण छ । रात्रिकालीन सेवामा कार्यरत नर्सको जिउधनको सुरक्षा, यातायात सुविधा र जोखिम बहनबापतका सुविधा नहुँदा नर्सिङ पेसा निल्नु न ओकल्नु भएको बुझ्न सकिन्छ । निजी क्षेत्रमा खोलिएका नर्सिङहोम र अस्पतालमा त झन् नर्सका समस्या कहालीलाग्दा छन् । लामो अवधिसम्म विना तलब सुविधा इन्टर्नका रूपमा अस्पतालले काममा लगाउने, नियुक्तिपत्र नदिने, नियुक्ति पाएका नर्सले पनि अति न्यून पारिश्रमिक पाउने, वृत्ति विकास र तालिमको अवसर नहुने अवस्था छ । पोसाक भत्तालगायत जोखिमपूर्ण कार्यबापत थप सुविधा प्रदान गर्ने नीतिलाई निजी क्षेत्रका नर्सिङ होम र अस्पतालले लागू गरेका छैनन् ।

वास्तवमा व्यापारीकरण र निजीकरण नीतिले पुँजी र नाफालाई सदैव प्रोत्साहन गर्छ । श्रमिकलाई कम आर्थिक सुविधा दिएर बढी मुनाफा कमाउने नीतिले प्रोत्साहन पाइरहेको हुन्छ । सरकारले जुनसुकै उद्योग वा सेवा व्यवसाय सञ्चालनको अनुमति दिँदा पूर्वाधार, पुँजीको पर्याप्तता, व्यावसायिक दक्षता र व्यवसायमा काम गर्ने श्रमिकलाई अन्तर्राष्ट्रिय श्रम संगठनको न्यूनतम श्रम मापदण्डअनुरूप सेवा, सर्त, आर्थिक सुविधा, वृत्ति विकासको सुनिश्चितता ग्यारेन्टी गरिनुपर्ने सर्त कडाइसाथ लागू गराइनुपर्छ । सामाजिक सुरक्षाअन्तर्गतका सुविधा पेन्सन, उपदान, बिमा, औषधि, मातृत्व संरक्षणका सुविधा आदिको प्रतिबद्धता हुनुपर्छ । यस्ता विषयमा जाँचबुझ गर्ने र ठिक भएमा मात्र सेवा व्यवसाय सञ्चालनको इजाजत दिनुपर्छ । तर, नेपालमा निजी क्षेत्रमा खुलेका स्वास्थ्य सेवालगायत व्यावसायिक प्रतिष्ठानका लागि सरकारी क्षेत्रबाट सूक्ष्म ढंगले अध्ययन-विश्लेषण गरेर व्यवसाय सञ्चालनको अनुमति दिने गरेको पाइँदैन । हचुवाका भरमा आर्थिक प्रभाव र दबाबमा परेर अस्पताल, नर्सिङ होम र मेडिकल कलेज खोल्न इजाजतपत्र दिने गरेकै कारण गुणस्तरहीन र महँगो सेवा व्यहोर्न जनता बाध्य छन् । यसैको चपेटामा कार्यरत नर्स श्रमिक चर्को श्रमशोषणमा परेका छन् । स्वास्थ्य क्षेत्रमा विगतदेखि अवलम्बन गरिएको गलत नीतिका कारण नर्सलगायत स्वास्थ्यकर्मीले भोगिरहेका समस्या यतिखेर सतहमा आएका छन् । यस किसिमका समस्यालाई सरकारले यथाशीघ्र सरोकारवाला नर्सिङ संगठनसँग द्विपक्षीय वार्ता गरी समाधान गर्नुपर्छ । निजी कलेजहरूमा नर्सिङ विषय अध्यापन गर्ने शिक्षकको पनि अवस्था कहालीलाग्दो छ । कलेजमा शिक्षकको रोजगारीको स्थायित्व नहुने, न्यून तलब सुविधा, पदोन्नति र वृत्ति विकासको अवसर नहुने समस्याले शिक्षक पनि प्रताडित छन् ।

अब सरकारबाट स्वास्थ्य क्षेत्रमा कार्यरत नर्सिङ पेसालाई विशिष्टीकृत एवं मर्यादित ढंगले सञ्चालन गर्ने नीति अवलम्बन गरिनुपर्छ । यस क्रममा उनीहरूको सेवा सुरक्षाको ग्यारेन्टी गर्ने, पदोन्नतिलगायत वृत्ति विकासका अवसरको सुनिश्चितता गर्ने, तलब, सुविधा र सामाजिक सुरक्षाको व्यवस्थासहित सरकारी तथा निजी क्षेत्रमा समान एवं एकीकृत तवरले लागू हुने गरी नीति बनाई प्रभावकारी रूपमा लागू गर्नुपर्छ । बिरामीको उपचार र हेरचाह गर्न सहज हुने गरी विश्व स्वास्थ्य संगठनको मापदण्डअनुसार नर्स र बिरामीको अनुपातलाई सबै अस्पतालमा प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्छ । नर्सिङ पेसालाई मर्यादित र आकर्षक बनाउन मन्त्रालयस्तरमा अधिकारसम्पन्न नर्सिङ महाशाखा गठन गर्नुपर्छ ।

नर्सिङ विषयको अध्ययनमा हरेक वर्ष आकर्षण बढ्दै गएको छ । सँगसँगै स्वदेशमा नर्सिङ शिक्षा अध्ययन गरी विदेश पलायन हुनेको संख्या पनि बढ्दो छ । देशभित्र रोजगारीको अभाव र रोजगारी प्राप्त गरे पनि न्यून तलब सुविधामा काम गर्नुपर्ने बाध्यात्मक अवस्थाप्रति सरकार गम्भीर र जिम्मेवार बन्न जरुरी छ । नर्सिङ शिक्षा हासिल गरेका नर्सलाई देशभित्रै रोजगारी पाउने ग्यारेन्टी सरकारले गर्नुपर्छ । उनीहरूको राजेगारीको सुनिश्चितताका लागि हरेक माध्यमिक विद्यालय, कलेज, निजी उद्योग र प्रतिष्ठानमा नर्सिङ सेवासहित प्राथमिक उपचार सेवा उपलब्ध गराउने नीति अवलम्बन गरिनुपर्छ । कलेजबाट सरकारी वा निजी अस्पतालमा प्रशिक्षार्थीका रूपमा काम गर्ने नर्सलाई श्रम ऐन बमोजिम न्यूनतम तलब, भत्ता र सामाजिक सुरक्षाका सुविधा प्रदान गर्ने र दुर्गम हिमाली क्षेत्रमा कार्यरत नर्सलाई थप आकर्षक सुविधा प्रदान गर्ने व्यवस्था मिलाइनुपर्छ । दुर्गम क्षेत्रमा सेवा पुऱ्याउन नर्सलाई विशेष सुविधा उपलब्ध गराएर उत्प्रेरित गर्ने, नर्सिङ पेसाबाट उच्च तहको अध्ययन गर्न पाउने र नर्सले उच्च तहसम्म पदोन्नति पाउने व्यवस्थासमेत गरिनुपर्छ । सेवा स्थायित्वका लागि सरकारी तथा निजी क्षेत्रमा नर्सको पर्याप्त संख्या हुने गरी दरबन्दी निर्धारण गरेर स्थायी नियुक्तिको व्यवस्था गरिनुपर्छ । सरकारले नर्सिङ पेसाको अवस्थाबारे अध्ययन-अनुसन्धान गरी प्रतिवेदन सार्वजनिक गर्ने र नर्सिङ पेसाको अवस्थाबारे प्रभावकारी अनुगमन गर्नुपर्छ । यसका साथै, आफ्ना समस्या समाधानका लागि दबाब दिन संगठित हुन पनि आवश्यक छ । नयाँ पत्रिका दैनिक

# नेप्से परिसूचकमा सामान्य सुधार



काठमाडौँ । सोमबार उच्च अङ्कले घटेको नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा मंगलबार भने सामान्य अङ्कको सुधार देखिएको छ । नेप्से परिसूचक दुई दशमलव ९५ अङ्कले बढेर दुई हजार छ सय ३३ दशमलव ८७ विन्दुमा कायम भएको हो ।

तीन सय १८ कम्पनीको ८९ लाख ३९ हजार तीन सय ४८ हजार कित्ता शेयर ५३ हजार नौ सय ५७ पटक खरिदबिक्री हुँदा रु चार अर्ब ३४ करोड ३२ लाख ३४ हजार सात सय ४० बराबरको कारोबार भएको छ । कारोबारमा बैंकिङ शून्य दशमलव १७, वित्त शून्य दशमलव ८७, होटल तथा पर्यटन शून्य दशमलव १८, जलविद्युत् शून्य दशमलव १४, लघुवित्त शून्य दशमलव ५६, निर्जीवन बिमा शून्य दशमलव १९, व्यापार शून्य दशमलव ५९ र अन्य समूह शून्य दशमलव १३ प्रतिशतले बढेको छ ।

अरु सबै समूहको उपसूचक घटेको छ । विकास बैंक शून्य दशमलव ६५, लगानी शून्य दशमलव २१, जीवन बिमा शून्य दशमलव १५, उत्पादन तथा प्रशोधन शून्य दशमलव ४४ र म्युचुअल फन्ड शून्य दशमलव ४८ प्रतिशतले घटेको छ ।

सपोर्ट माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ भने कुथेली बुखारी स्मल हाईड्रोपावर लिमिटेडको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ । कारोबार रकमका आधारमा सबैभन्दा धेरै जानकी फाइनान्स कम्पनी लिमिटेडको रु २२ करोड २४ लाख तीन हजार नौ सय ६४ बराबरको दुई लाख ६३ हजार कित्ता शेयर किनबेच भएको छ ।

# आठौं बर्दघाट महोत्सव हुँदै




परासी । पश्चिम नवलपरासी बर्दघाटमा बर्दघाट महोत्सव मेला २०८१ सञ्चालन हुने भएको छ । पश्चिम नवलपरासीको बर्दघाटमा आठौं बर्दघाट महोत्सव सञ्चालन हुने भएको हो । मंगलबार बर्दघाटमा पत्रकार सम्मेलन गरी बर्दघाट उद्योग वाणिज्य संघ नवलपरासीले कला संस्कृति उद्योग र व्यापार ,समृद्ध बर्दघाटको बालियो आधार भन्ने नाराको साथ आठौं बर्दघाट महोत्सव सञ्चालन गर्न लागिएको जानकारी दिएको छ ।

यही पुस ८ गतेदेखि १८ गतेसम्म आठौं बर्दघाट महोत्सव मेला २०८१ सञ्चालन गर्न लागिएको बर्दघाट उद्योग वाणिज्य संघका अध्यक्ष लेखनाथ न्यौपानेले जानकारी दिए । उनले बर्दघाट नगरलाई कृषि पर्यटन संस्कृति तथा औद्योगिक नगरको रूपमा परिचित गराउँदै उपभोक्ता वर्गलाई नगरभित्र किनमेल गर्ने बानिको विकास गराउनु साथै कृषि उत्पादन पर्यटन प्रवर्द्धन संस्कृति जर्गेना गराउनु व्यापार मेलाको लक्ष्य रहेको बताए ।

आर्थिक चलामयन बनाउने र सरावल गाउँपालिकामा रहेका लघु घरेलु स्थानीय व्यापार तथा उद्योग व्यापारलाई प्रवर्द्धन गर्ने उद्देश्यले आठौं बर्दघाट महोत्सव सञ्चालन गर्न लागिएको अध्यक्ष न्यौपानेले बताए ।

मेलामा दैनिक उपभोग्य बस्तु तथा सेवा साना तथा घरेलु उत्पादन, जडीबुटी तथा कृषि उत्पादन शैक्षिक स्वास्थ बैंक तथा वित्तीय संस्था, होटल तथा रेष्टुरेण्ट बाल उद्यान, राष्ट्रिय तथा स्थानीय कलाकारहरूको बेजोड प्रस्तुति र आरटि फिसियल फिस टनेल रहने छ । मेलामा २ सय ५० स्टल रहने आयोजकले जनाएको छ । मेलामा दुई लाख दर्शकले अवलोकन गर्न आउने अनुमान गरिएको र तीन करोडको करोबार गर्ने लक्ष्यसाथ अपेक्षा गरिएको संघका महासचिव गंगा पाठकले जानकारी दिए ।

उनको अनुसार मेलामा ६० लाखदेखि ७०लाख खर्च हुने बताए । टिकट सर्बधारणालाई ८० रुपैयाँ र विद्यार्थीलाई टिकटमा ६० र परिचयपत्रको आधारमा जेठ नागरिक, निःशुल्क प्रवेशको व्यवस्था मिलाइएको संघले जनाएको छ ।

**राजस्व...**

प्रदेशभित्र प्रहरी कार्यालय भवन जीर्ण हुँदा समस्या परेको, प्रदेश सरकारले भवन निर्माणकालागि ध्यान दिए पनि प्रहरी समायोजनको विषय अघि नबढ्दा समस्या परेको उनको भनाइ छ।

'संघीय निजामती सेवा ऐन नआउँदा प्रदेशमा काम गर्न जटिलता छ । हामीले बनाएको ऐन समेत कार्यान्वयन गर्न खोज्दा समस्या देखियो,' उनले भने-'संघीय शिक्षा ऐन समेत नआउँदा प्रदेशले काम गर्न पाएन ।'

प्रदेश सरकारले सुशासन प्रवर्द्धन र भ्रष्टाचारविरुद्धको अभियानलाई प्राथमिकतामा राखेको र सोही अनुसार कार्यान्वयन पक्षलाई बलियो बनाउँदै लगेको उनले जानकारी दिए।

'सुशासन प्रवर्द्धन र भ्रष्टाचार न्यूनीकरण गर्न पाँच वर्षे रणनीतिक योजना बनाएका छौं। त्यसको पूर्ण कार्यान्वयन गर्न प्रदेश सरकारले ध्यान दिएको छ । मुख्यमन्त्री र मन्त्रिहरुलाई आचारसंहिता लागू गरेका छौं, महिनामा एक पटक मात्र एउटा जिल्लामा जाने, अर्कोपटक जानुपरेको खण्डमा आवश्यकता र औचित्य पुष्टी हुनेगरी मुख्यमन्त्रीको अनुमती लिएर जाने, सकभर होटलमा बास नबस्ने, सरकारी गेष्टहाउसमा बस्ने नीति लिएका छौं,' मुख्यमन्त्री आचार्यले भने-'आफ्नो जिल्लामा मन्त्री जाँदा भ्रमणभत्ता नलिने, होटलको विल पेश नगर्नेगरी आर्थिक अनुशासन कायम गर्नेगरी सरकारले भूमिका बढाएको छ ।' कार्यालयको कामलाई प्रभावकारी बनाउन जारी गरिएको १४ बुँदे निर्देशन समेत कार्यान्वयन भइरहेको मुख्यमन्त्री आचार्यले बताए।

**शिक्षाको...**

कार्यक्रममा बोल्दै प्रदेश खेलकुद परिषद्का सदस्य सचिव किरणराज गौतमलले कालिका मानवज्ञान मावि एउटा शैक्षिक धरोहरको रुपमा अगाडि बढेको बताउँदै खेलकुदको क्षेत्रका विद्यलायले गरेको लगानी सह्रासनीय भएको बताए । उनले खेलकुदको विकासको लागि प्रदेश सरकारले योजनाबद्ध विकास गर्ने गरी अगाडि बढाएको जनाए। सामुदायिक विद्यायले खेलकुदका गतिविधिहरुको अगाडि बढाउनको लागि विद्यालयदेखि नै योजना बनाएर अगाडि बढ्नुपर्ने उनले बताएका थिए। खेलकुद एकताको प्रतिक भएको भन्दै उनले खेलकुदले देशलाई सफल बनाउने बताएका थिए।

मदन भण्डारी स्पोर्टस् एकेडमीका केन्द्रीय अध्यक्ष धुब्र आचार्यले अब खेलकुद बिधालाई अतिरिक्तभन्दा पनि अनिवार्य विषयको रुपमा सुरुवात गर्नुपर्ने बताएका थिए। उनले मनदभण्डारी स्पोर्टस् एकेडमीले खेलकुदलाई जोड्दै आएको भन्दै खेलकुदलाई राजनीतिले व्यवस्थापन गर्ने गरी खेलकुदकागतिविधिहरुलाईअगाडि बढाउनुपर्ने बताएका थिए। अबको दिन खेलकुद बाँच्नको लागि मात्रै नभएर कमाउन, रमाउनको लागिभन्दा पनि समृद्धिको लागि खेलकुद अबको नारा हुनुपर्ने उनले बताएका थिए। उनले भने-'खेलकुद अबको अतिरिक्त आवश्यकता होइन, यो अनिवार्य आवश्यकता हो, खेल र खेलाडी यो देशमा अब आधारभूत स्रोत हुन् । '

बुटवल नगर खेलकुद विकास समितिका अध्यक्ष बोनिन पियाले कालिका मानवज्ञान हरेक क्षेत्रमा उत्कृष्ठ विद्यालयको रुपमा अब्बल बन्न सफल भलएको बताएका थिए । उनले कालिका मानवज्ञान मावि आफैँमा महत्वपूर्ण मन्दिर भएको बताए । उनले शिक्षा मात्रै नभएर खेलकुदलाई पनि अनिवार्य गरेर लैजान सकेमा हरेक क्षेत्रमा अब्बल हुन सक्ने जनाए।

कार्यक्रममा नेपाल खेलकुद विद्यालय महासंघका अध्यक्ष लेखनाथ पौडेल शिक्षासँगसँगै अतिरिक्त क्रियाकलापमा कालिका मानवज्ञान माविले अब्बल सावित गर्दै आएको बताए । उनले विद्यालयले वार्षिक उत्सवमा मात्रै नभएर अन्य समयमा समेत विद्यालयले राम्रो कार्यसुरुवात गरेको जनाए।

कार्यक्रममा विद्यालयका प्रधानाध्यापक दिनेश थापाले कालिका मानवज्ञान माविको हालसम्मको अवस्थाको लागि सम्पूर्ण पूर्व शिक्षक, पूर्व पदाधिकारीहरुलगायत सबैको योगदान रहेको भन्दै उनले सबैको साथ र सहयोग सदैध सकारात्मक रहेको बताएका थिए। विद्यालयको खेलकुल, शैक्षिक गतिविधि सबैमा सहयोगी निकाय तालुक अड्डाबाट सहयोग प्राप्त हुँदै आएको उनले बताए । उनले विद्यालयले खेलकुद गतिविधिलाई राष्ट्रियदेखि अन्तर्राष्ट्रिय रुपमा समेत नाम कमाउनको लागि सबैको सहयोग रहेको औंल्याए।

उनले शिक्षक, अभिभावक, प्रशिक्षक सबैको साझा पहलबाट अहिलेको सफलता प्राप्त भएको बताएका थिए । उनले हाल १३ जना राष्ट्रिय खेलाडीमा विद्यार्थीहरु कालिका माविबाट नै खेल्दै आएको जनाए । उनले क्रिकेट, भलिबल, फुटबललगायतका खेलकुदमा विद्यार्थीहरुको योगदान राष्ट्रमा नै उच्च रहेको बताएका थिए । विद्यालयले खेलकुदको आधारस्तम्भ खडा गर्न सफल भएको भन्दै उनले कालिका कपको निरन्तरता एउटा उदाहरण भएको समेत स्पष्ट पारे।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष नित्यानन्द ज्ञवालीले खेलकुदले एकताको प्रदर्शन गर्ने भन्दै विद्यालयले लामो समयदेखि शैक्षिक वातावारणसहित खेलकुदका विविध गतिविधिहरुलाई अगाडि बढाउँदै आएको बताएका थिए।

कालिका कप जिल्लास्तरीय रुपमा ६ गतेसम्म विभिन्न प्रतियोगिता गर्दैछ।

७ गते मूल समारोह आयोजना हुनेछ। कालिका कपअन्तर्गत दौड, छात्र -छात्रा भलिबल प्रतियोगिता, कबड्डी प्रतियोगिता, कालिका गायन तारा, जिल्लास्तरीय कविता प्रतियोगिता समेत आयोजना हुँदै छ । पुस ७ गते मूल समारोहमा विज्ञान प्रदर्शनीसहित पुरस्कार वितरण तथा सम्मान कार्यक्रम आयोजना गरिने छ ।


## अनुरोध

- महिला हिंसा अन्त्य गरौं, कुरा होइन काम गरौं ।
- महिला मानव अधिकारको रक्षा गरौं ।
- प्रथा परम्पराका नाममा महिलामाथि हुने हिंसा अन्त्य गरौँ ।
- आर्थिक कार्यमा महिला सहभागिता बढाऔं ।
- हिंसामुक्त परिवारः हामी सबैको सरोकार ।
- बालबालिका हुन भविष्यको कर्णधार यी हुन् हाम्रा विकासको आधार ।
- बालमैत्री स्थानीय शासन बालसहभागिताको सम्मान र शुसासन ।
- बालबालिकाको कुरा सुनौं, बालदुर्व्यवहारको अन्त्य गरौं ।
- बालबिवाह रोकौं छोरीको भविष्य आजैदेखि सोचौं ।
- फरक क्षमता (अपाङ्गता) भएका व्यक्तिलाई सम्मानजनक व्यवहार गरौं ।
- जेष्ठ नागरिक अनुभवका खानी, सम्मान गरौँ मार्गदर्शक ठानी ।
- महिला, बालबालिका, अपाङ्गता भएका व्यक्त र जेष्ठ नागरिकको सम्मान र माया गरौं ।

**सरावल गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**नवलपरासी (ब.सु.प.), लुम्बिनी प्रदेश,नेपाल**


**कावासोती नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**शिवमन्दिर, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)**
गण्डकी प्रदेश, नेपाल
२०७३

## आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सुचना

(प्रकाशित मिति : २०८१/०९/०३)

मिति २०८१/०६/३० गते (राष्ट्रिय दैनिक पत्रिका) मा बोलपत्र आव्हान गरिएको 15/KM/NCB/2081/82 ठेक्कामा दर्तामा भएका बिद्युतीय बोलपत्र खोली प्राबिधिक पक्षको मुल्याङ्कन गर्दा देहायका बोलपत्रदाताहरुको प्राबिधिक प्रस्ताव सारभुत रुपमा प्रभावग्राही रहेकोले मिति २०८१/०९/१० गते दिनको १:०० बजे यस कावासोती नगरपालिका नगर कार्यपालिकाको कार्यालयमा आर्थिक प्रस्ताव खोलीने हुँदा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ (ङ) को उपनियम ५ बमोजिम उपस्थितिका लागि सम्बन्धित बोलपत्रदाताहरुलाई जानकारी गराईन्छ। साथै यो सुचना प्रकाशन गरेको मितिले ७ औं दिन बिदा पर्न गएको खण्डमा बिदाको भोलि पल्ट उक्त प्रस्ताव खोलिने छ।

**प्राबिधिक प्रस्तावमा स्वीकृत भई आर्थिक प्रस्ताव खोलीने बोलपत्रदाताहरु।**

| सि.न | बोलपत्रदाताहरुको बिबरण |
|---|---|
| १ | Reliance Builders And Suppliers Pvt. Ltd. |
| २ | Nawalpur Construction Services. |
| ३ | TISTA – PHUNGFUNGE JOINT VENTURE. |
| ४ | Oasis-New Hunainath-Shankha Binayak Joint Venture. |
| ५ | Nava Pratibha- Ananda JV |
| ६ | JAY DEURALI- SNS-PURBALI JOINT VENTURE |
| ७ | Ramaniya Rubi Valley- Dhananjay JV. |
| ८ | Saptagandaki-Sabik-M.P. JV . |
| ९ | M(Mama) - T(Tara) JV. |
| १० | Sharada-Amit–Sumit JV. |

प्रमुख प्रशासकीय अधिकृत

**रामग्राम नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**परासी, नवलपरासी (ब.सु.प.)**
**लुम्बिनी प्रदेश, नेपाल**

## सहुलियत र छुटको फाइदा लिनका लागि नगरबासीहरुमा अत्यन्त जरुरी सूचना

**सूचना प्रकाशित मिति : २०८१/०८/२६**

स्थानीय सरकार संचालन ऐन,२०७४ र रामग्राम नगरपालिकाको आर्थिक ऐन,२०८१ वमोजिम नगरपालिका भित्र संचालनमा रहेका उद्योग ब्यवसायहरु कानून वमोजिम अनिवार्य रुपमा नगरपालिकामा दर्ता गरि संचालन गर्नु पर्ने प्रावधान भए अनुसार आफ्नो स्वामित्वमा रहेका उद्योग, ब्यवसायहरु नगरपालिकामा दर्ता तथा नवीकरण गराउनु हुन र अन्य करहरु जस्तै सम्पतिकर, भूमिकर, घरजग्गा बहाल कर लगायतका अन्य करहरुमा नगरपालिकाले तपसिल अनुसार दिएको सहुलियत र छुटको फाइदा लिनकालागी सम्बन्धित सबैकालागी यो सूचना प्रकाशन गरिएको छ।

**तपसिल**

१. २ करोड भन्दा माथि चालु पुँजि भएका उद्योग व्यवसायीले ०८१ पौष मसान्त भित्र व्यवसाय कर बुझाएमाः सबै प्रकारका जरिवाना छुट, एक पटकको विगत दुई वर्ष र चालु वर्षको कर लिई दर्ता गर्ने।
२. अन्य उद्योग व्यवसायीले ०८२ असार मसान्त भित्र व्यवसाय कर बुझाएमाः सवै प्रकारका जरिवाना छुट, एक पटकको विगत दुई वर्ष र चालु वर्षको कर लिई दर्ता गर्ने।
३. आय ठेक्का पट्टा, सटर बहाल कर र टोल विकास संस्थाको ऋृण ८२ असार मसान्त भित्र बुझाएमाः एक पटकको लागी सवै प्रकारका जरिवाना र व्याज छुट दिई असुल उपर गर्ने।
४. एकमुष्ठ ठेक्का कबोल अंक बुझाएमा १० प्रतिशत छुट।
५. वार्षिक राजस्व (व्यवसाय कर बाहेक) सोही वर्षको पौष मसान्तभित्र बुझाएमा १० प्रतिशत छुट।
६. मासिक राजस्व सोही महिनाको ७ दिनभित्र बुझाएमा ५ प्रतिशत छुट।
७. घडेरी जग्गा बाहेक बाँकी जग्गाको हकमा कृषि योग्य मानी करमा ९५ प्रतिशत छुट।

**सजय कुमार शर्मा**
**लेखा अधिकृत (छैठौ)**

**गण्डकी प्रदेश सरकार**
**भौतिक पूर्वाधार विकास तथा यातायात ब्यवस्था मन्त्रालय**
**पूर्वाधार विकास निर्देशनालय**
**पुर्वाधार विकास कार्यालय**
**नवलपरासी (वर्दघाट सुस्तापुर्व)**
**गण्डकी प्रदेश,**

## बोलपत्र स्वीकृत गर्ने आशयको सुचना

(सूचना प्रकाशित मिति २०८१ /०९/०३)

यस कार्यालयबाट मिति २०८१।०६।२२ मा राष्ट्रिय दैनिकमा प्रकाशित बोलपत्र आव्हानको सुचना बमोजिम बिभिन्न देहाय बमोजिमका ठेक्काहरुमा E–GP system (www.bolpatra.gov.np/egp) मार्फत पेश हुन आएका बोलपत्रहरू मध्ये तपसिलमा उल्लेखित बोलपत्रहरु न्यूनतम मुल्याङ्कित सारभुत रूपमा प्रभाबग्राही भई स्वीकृतको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदातालाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| क्र.स. | कार्यको विवरण | छनोट भएका बोलपत्रदाता | कबोल रकम (मु.अ.क. र पि.एस. समेत) NRs |
|---|---|---|---|
| 1 | Contract ID: IDO-NAW(BSE)-W-NCB -14-2081/82, Upgrading of different road of Madhyabindu Municipality 11 and 15 | MoktanBuilders, Hetauda | 76,18,193.70 |
| 2 | Contract ID: IDO-NAW(BSE)-W-NCB -16-2081/82, Upgrading of different road of Devchuli Municipality (Devchuli-10,14,15) | MoktanBuidlers, Hetauda | 1,22,31,221.70 |
| 3 | Contract ID: IDO-NAW(BSE)-W-NCB -17-2081/82, Amarchowkdekhi shanti dandajanebatostarunnati(jyoti bi ka ko gharhudai), Devchuli 4 | G.D.G Construction Pvt. Ltd., Devchuli | 46,76,756.33 |
| 4 | Contract ID: IDO-NAW(BSE)-W-NCB -21-2081/82, Upgrading of different road of Gaidakot Municipality 1 & 4 | Sukarma Construction and Suppliers, Kathamandu | 42,05,572.95 |

कार्यालय प्रमुख

**Bhumikasthan Municipality**
**Office of the Municipal Executive**
**Nuwakot, Arghakhanchi**
**Lumbini Province, Nepal**

## Invitation for Bids

**Date of publication: 18-12-2024 (2081-09-03)**

1. Bhumikasthan Municipality invites electronic bids from eligible bidders for the following works under National Competitive Bidding-Single Envelope Bidding procedures.
2. Bidders may obtain further information and inspect the bidding document may visit PPMO website www.bolpatra.gov.np/egp.and download the bidding documents for e-submission from PPMO's Web Site www. bolpatra.gov.np./egp.
3. Bidder who chooses to submit their bid electronically can download the bidding documents for e-submission from PPMO's e-GP system www. bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically should deposit the cost of **NRs.3000/-** as bidding document fee in the account as specified below:
   **Information to deposit the cost of bidding document in Bank:**
   - Name of the Bank: Parbhu Bank Ltd.
   - Name of Office: Bhumikasthan Municipality Office
   - Office Account no: 2587086986800138
   - Account Name : Internal Revenue.
4. Bid Security must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format which shall be valid for 30 days beyond the validity period of the bid.
   **Information to deposit the BID Security Amount in Bank:**
   - Name of the Bank: Parbhu Bank Ltd.
   - Name of Office: Bhumikasthan Municipality Office
   - Office Account no: 2587086986800048
   - Account Name :Dharouti Account.
5. Pre-bid meeting shall be held at Bhumikasthan Municipality, Arghakhanchi Lumbini Province, Nepal at 06-01-2025 13:00 hours.
6. Electronic bids must be submitted to the office Bhumikasthan Municipality, Arghakhanchi, Lumbini Province, Nepal through PPMO website www.bolpatra.gov.np/egp on or before 17-01-2025 12:00. Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 17-01-2025 13:00 at the office of Bhumikasthan Municipality, Arghakhanchi

**Bidders other details are as given below:**

| Tender No. | Name of Project | Bid Price | Estimate cost (Exclusive of VAT and Contingencies) | Bid Security Amount In NRs | Bid security valid period |
|---|---|---|---|---|---|
| 22/BMA/W/TEM/ 081/82 | Chautara Bhagawati Shiwalaya tatha Thanapati Mandir Parisar Construction Works | NRs. 3000.00 (Not Refundable) | 2350215.75 | 67500 | **90 Days** |
| 23/BMA/W/MS/ 081/82 | Medicine Procurement and supply works. | NRs. 3000.00 (Not Refundable) | | 99000 | |

8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.


## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



**प्रो. रामशाह शाहानी**
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

# दोहोरी गीतमा दोस्रो टिमलाई न्यू होराइजनद्वारा सम्मान




बुटवल । न्यू होराइजन अंग्रेजी आवासीय मावि बुटवलले आयोजना गरेको दोस्रो विद्यालयस्तरीय दोहोरी गीत प्रतियोगितामा दोस्रो स्थान हासिल गरेको न्यू होराइजन बुटवलका विद्यार्थीलाई विद्यालयले सम्मान गरेको छ।

हालै सम्पन्न प्रतियोगितामा १० वटा विद्यालयले प्रतिस्पर्धा गरेकामा जगन्नाथ मावि प्रथम, न्यू होराइजन मावि बुटवल दोस्रो, शान्ति नमूना मावि मणिग्राम तेस्रो र सगरमाथा मावि देवदह सान्त्वना भएका थिए। विजेता टिमले क्रमशः १५ हजार, १२ हजार, ९ हजार र ६ हजार नगद पुरस्कार तथा प्रमाणपत्र प्राप्त गरेका थिए।

सम्मान कार्यक्रममा विद्यालयका प्रिन्सिपल लोकनाथ उपाध्यायलगायतले न्यू होराइजनले शैक्षिक क्रियाकलापसँगै संगीत, कला, साहित्य जस्ता विधामा पनि विद्यार्थीका प्रतिभा प्रष्फुटनका लागि पनि ठूलो लगानी गरिरहेको र विभिन्न प्रतियोगिताहरुलाई निरन्तरता दिएको बताए।

विद्यालय तहका विद्यार्थीबिच लोक दोहोरी प्रतियोगिता आयोजना गर्ने न्यू होराइजन लुम्बिनी प्रदेशमै पहिलो निजी विद्यालय भएको भन्दै प्राचार्य उपाध्यायले दोहोरी गीत प्रतियोगिता सम्पन्न गर्न खर्चिलो र चुनौतीपूर्ण भए पनि निरन्तरता दिइएको बताए।

कार्यक्रममा उप-प्राचार्यहरु बालकृष्ण भण्डारी, बासुदेव अर्याल, राजीव श्रेष्ठ, अतिरिक्त क्रियाकलाप प्रमुख बालकृष्ण बस्याल, कार्यक्रम संयोजक कल्पना पाण्डे, शिक्षकहरु हरिप्रसाद पौडेल, मिलन रानालगायतले दोहोरी गीत प्रतियोगिताले विद्यालय तहबाटै लोक दोहोरी गायक गायिका जन्माउन ठूलो गोगदान गर्ने बताए।

# न्यू होराइजनलाई टी-२० क्रिकेटको उपाधि




भैरहवा । ११औं संस्करणको 'स्वर्गीय शेरबहादुर सेन्चुरी स्मृति टी-२० अन्तरविद्यालय क्रिकेट प्रतियोगिता'को उपाधि न्यू होराइजन माविले जितेको छ। मंगलबार भएको फाइनल खेलमा देवदह बुद्ध मावि‍लाई ५ विकेटले पराजित गर्दै होराइजनले उपाधि हात पारेको हो। जितसँगै होराइजने ५० हजार रुपैयाँ नगदसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गरेको छ। यस्तै, उपविजेतामा चित्त बुझाएको देवदह बुद्धले नगद २५ हजारसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गरेको छ।

भैरहवास्थित सिद्धार्थ क्रिकेट मैदानमा भएको फाइनल खेलमा जितका लागि पाएको ७१ रनको लक्ष्य न्यू होराइजनले १९ ओभर १ बलमा ५ विकेटको नोक्सानीमा ७६ रन बनाउँदै पूरा गर्दै उपाधि रक्षा गर्यो। उसको जितमा समीरजंग सिंह ठकुरीले अविजित २० र अनिश भट्टराईले १९ रनको योगदान गरे। बलिङमा देवदह बुद्धका कृष केसीले २ तथा रोहन कुँवर र आयुष विकले १-१ विकेट लिए।

यसअघि टस हारेर ब्याटिङको निम्तो पाएको देवदह बुद्धले निर्धारित २० ओभरमा सबै विकेट गुमाउँदै ७० रनको सामान्य योगफल बनाएको थियो। उसलाई सस्तैमा रोक्न बलिङमा न्यू होराइजनका निरज घिमिरे र राहुल नाउले ३-३ तथा अनिश भट्टराई, सुप्रिम कँडेल र प्रिन्स पालले १-१ विकेट लिए। देवदह बुद्धका दिक्सन थापाले १६, आयुश पाण्डेले १५ र अध्ययन न्यौपानेले ११ रन बनाए पनि अन्य ब्याटर नचल्दा टिमले हार व्यहोर्यो। होराइजनका निरज घिमिरे म्यान अफ द फाइनल भई पाँच सय रुपैयाँ प्राप्त गरे।

प्रतियोगितामा न्यू होराइजनका प्रिन्स पाल म्यान अफ द सिरिज भई १० हजार रुपैयाँ प्राप्त गरे। यस्तै, होराइजनकै राहुल नाउ बेष्ट ब्याटर र सुप्रिम कँडेल बेष्ट बलर भए। उनीहरुले जनही ५ हजार रुपैयाँ पाए। प्रतियोगितामा कुँवरवर्ती इङ्गलिस बोर्डिङ स्कूल बेष्ट अनुशासित टिम घोषित भयो।

रुपन्देही क्रिकेट संघको आयोजना र पर्वत ज्वेलर्स, बैंकरोड, भैरहवाको मुख्य प्रायोजनामा सम्पन्न प्रतियोगिताका विजेता टिमलाई लुम्बिनी विकास कोषका उपाध्यक्ष डा.ल्हारक्याल लामा, संघका कार्यबाहक अध्यक्ष धिरज अधिकारी क्षेत्री, सिद्धार्थ उद्योग वाणिज्य संघका अध्यक्ष ठाकुरकुमार श्रेष्ठ, संघका पूर्वअध्यक्षहरु प्रशान्तविक्रम मल्ल र प्रेमकुमार सेन्चुरी, प्याब्सन केन्द्रिय उपाध्यक्ष विष्णु पन्थी, मुख्य प्रयोजकक विमल सेन्चुरी, रुपन्देही सुनचाँदी व्यवसायी संघका अध्यक्ष गोपाल रामदाम, लुम्बिनी प्रेस क्लबका अध्यक्ष कमल रायमाझीलगायतले विजेता र उपविजेता टिमलाई पुरस्कार वितरण गरेका थिए।

# स्कलर्स होममा खेल सप्ताह सम्पन्न



बुटवल । स्कलर्स होम बोर्डिङ सेकेण्डरी स्कुलमा खेल सप्ताह सम्पन्न भएको छ। खेल सप्ताहअन्तर्गत कक्षा पिजीदेखि कक्षा ४ सम्म हट पोटाटो, इन आउट,बेलुन ब्लाष्ट,फिल आउट द बक्स,मेमोरी गेम गणित दौडलगायतका खेल खेलाइएको थियो।

यसैगरी सिनियरतर्फ सयमिटर, दुई सय मिटर, चार सय मिटर दौड, हाई जम्प, लङ जम्प, भलिबल, बोरा दौड, डोरी तानातान खेललगायतका खेलहरू खेलाइएको अतिरिक्त क्रियाकलाप प्रमुख मनुकान्त क्षेत्रीले जानकारी दिए।

उत्साहजनक विद्यार्थीको उपस्थिति रहेको उक्त साप्ताहिक खेलमा २५ वटा इभेन्टहरुमा कक्षा पिजिदेखि कक्षा १२ सम्मका करिब १२ सय विद्यार्थी सहभागी भएका थिए। विजयी विद्यार्थीलाई विद्यालयको ३३औं स्थापना दिवसको अवसरमा पुरस्कृत गरिने विद्यालय संयोजक शोभारानी प्रधानले जानकारी दिइन्।

खेल सप्ताह समापनमा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष मनहरी बस्याल, सह-प्राचार्य टीकाराम गौतम, शिक्षकहरु प्रदीप देवकोटा, नेत्रप्रसाद भट्टराई, सावित्रा पन्थी र कमला पाण्डेले आ-आफ्ना भनाइ राखेका थिए।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनि रजिष्ट्रारको कार्यालय।

कम्पनीको दर्ता खारेजी गरिएको सूचना

मिति.२०७५/०७/२५ मा दर्ता नं. २०२१६६ मा दर्ता भएको जय मुक्तिनाथ सप्लायर्स एण्ड कन्स्ट्रक्सन प्रा.लि.को मिति २०८१/०५/२८ को विशेष साधारण सभाले कम्पनिको दर्ता खारेजी गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुदा उक्त कम्पनिले कसैसँग ऋण लिएको वा सो कम्पनीले कसैलाई कुनै रकम तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागी ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागी यो सुचना प्रकाशित गरिएको छ। तोकिएको म्यादभित्र हकदावी गर्न नआएमा नियमानुसार उक्त कम्पनिको दर्ता खारेजी गरिने व्यहोरा सम्बन्धित सवैको लागी सुचित गरिन्छ।

# सहयात्री सहकारीको १७औं वार्षिक साधारणसभा तथा छैठौं अधिवेशन सम्पन्न




**जगलाल नेपाली**
*बुटवल*

सहयात्री बचत तथा ऋण सहकारी संस्था लि.बुटवलको १७औं वार्षिक साधारणसभा तथा छैठौं अधिवेशन र सृजनशिल सहयात्री समाजको १४औं वार्षिक साधारणसभा तथा पाँचौ अधिवेशन संयुक्त रुपमा एक कार्यक्रमका बिच सम्पन्न भएको छ।

सहकारीका अध्यक्ष हरिबहादुर बोमरेलले आ.व.०८१/०८२ वार्षिक नीति तथा कार्यक्रम, सचिव हस्तबहादुर हिताङ्गले सञ्चालक समितिको तर्फबाट वार्षिक प्रतिवेदन, कोषाध्यक्ष राजेन्द्र रोकाहाले आ.व. २०८०/०८१ को आर्थिक प्रतिवेदन र लेखा समिति संयोजक चन्द्रबहादुर नेपालीले लेखा सुपरीवेक्षण समितिको प्रतिवेदन प्रस्तुत गरी सर्वसम्मतले पारित गरेको छ। कार्यक्रमका प्रमुख अतिथि लुम्बिनी प्रदेशसभा, सामाजिक विकास समितिका सभापति यमु गैरेले पछिल्लो समयमा सहकारी क्षेत्रमा उत्पन्न भएका असहज परिस्थिति तथा चुनौतीका बिच आर्थिक, सामाजिक रुपमा पछाडि परेका वर्ग समुदायलाई संगठन गरी छरिएर रहेको पुँजीलाई एकिकृत गरी सहकारी अभियानमा छुट्टै पहिचान बनाउन सफल समुदायको एक मात्र नमूना र उदाहरणीय सहकारी रहेको बताउँदै संस्थाले अबका दिनमा बचत तथा ऋणको कारोबार मात्र नभई उत्पादनमूलकमा काम गर्न समेत जोड दिएका थिए।

सहकारीका अध्यक्ष हरिबहादुर बोमरेलको अध्यक्षमा सृजनसिल सहयात्री समाजका उपाध्यक्ष बलबहादुर थापाको स्वागत मनत्व्यमा कार्यक्रमको सञ्चालन सहकारीका सहसचिव नेत्रबहादुर रुचालले गरेका थिए। साथै सोही अवसरमा संस्थाका जेष्ठ सदस्य, एकल महिला उद्यमी व्यवसायी, बालबचत कर्ता, पि.एच.डि.उपाधि प्राप्त, डाक्टर, सरकारी कर्मचारी, पत्रकार, कलाकार, कक्षा १२ उत्तिर्ण विद्यार्थीलगायत संस्थाका कर्मचारीहरुलाई सम्मान गरिएको थियो। त्यसैगरी शेयर सदस्यहरुबाट प्राप्त जिज्ञासा तथा सुझावहरुलाई व्यवस्थापक कमल बस्यालले प्रस्ट पारेका थिए। कार्यक्रममा संस्थाका सल्लाहकारलगायत संरक्षक एच.बी.रम्तेलले संस्थाले आर्थिक तथा सामाजिक क्षेत्रमा गरेको प्रगतिको प्रशंसा गरेका थिए। संस्थामा हाल १४१९ जना शेयर सदस्य रहेको तथा करिव १७ करोड ६८ लाखको कुल कारोबार रहेको छ।

यसैगरी छैठौं अधिवेशनबाट हरिबहादुर बोमरेलको अध्यक्षतामा ११ सदस्यीय सञ्चालक समिति चयन भएको छ। जसको उपाध्यक्षमा राजेन्द्र रोकाहा, सचिवमा हस्त हिताङ्ग, कोषाध्यक्ष छवबहादुर नेपाली, सहसचिवमा रिना नेपाली र सदस्यहरुमा दिपक नेपाली, शान्ति नेपाली, भजवता नेपाली, बिन्द्रा नेपाली, बेलबहादुर गैरे र मीना नेपाली तथा लेखा सुपरीवेक्षण समितिमा लक्ष्मी नेपाली, कमला थापा र कृष्णबहादुर नेपाली चयन भएका छन्। त्यसैगरी पाँचौ अविधेशनबाट सृजनसिल सहयात्री समाजको अध्यक्षमा बलबहादुर थापा, उपाध्यक्षमा तुलबहादुर रुचाल, सचिवमा सीता रोकाहा, सह-सचिवमा हेमकुमार नेपाली, कोषाध्यक्षमा भजवता नेपाली र सदस्यहरुमा जगलाल नेपाली, राजेश गरै, मनोज नेपाली, शोभाखर नेपाली, शान्ति बम्रेल चयन भएका छन्। सोही अवसरमा आर्थिक रुपले विपन्न तथा जेहेन्दार सामुदायिक विद्यालयमा अध्ययनरत ८ जना विद्यार्थीहरुलाई झोला र नगदसहितको सृजनशिल सहयात्री छात्रवृत्ति प्रदान गरिएको थियो।

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्।
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका
साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई
सम्झनुहोस्!
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

प्रो. मञ्जु एण्ड सन्स्
फोन: ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
KKJ न्यू कुमकुम ज्वेलर्स
बि.पि. चोक, बुटवल-४, रुपन्देही





स्वदेशी तथा विदेशी डिजाइनका शुद्ध
सुन चाँदीबाट बनेका गर-गहनाको
एकमात्र विश्वासिलो पसल
विगत १५ वर्षदेखि
तपाईको सेवामा समर्पित
पुराना गहनाहरू संग नयाँ गहना साट्नुका साथै
खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

ट्वाइलेट सफा गराउनुहोस्
बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी
कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस्।
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www. dainiklumbini.com